**नेपाल सरकार**

**अर्थ मन्त्रालय**

**आन्तरिक राजस्व विभागको**

**सूचना !**

आर्थिक विद्येयक, २०७७ को दफा २०, २१, २२, २३, २४, २५, २६, २७, २८, २९, ३० र ३१ ले हालसम्म करको दायरामा नआएका कुनै पनि व्यक्ति, आयकर तथा मूल्य अभिवृद्धि कर विवरण नबुझाएका करदाताहरु (नन-फाइलर्स) को लागि २०७७ फागुन मसान्तसम्ममा अवसरको उपयोग गर्न सक्ने गरी विभिन्न छुट तथा सुविधाहरु, कोभिड-१९ को संक्रमणबाट प्रभावित कारोबारमा कर छुट सहुलियत लगायतका अन्य विभिन्न छुट तथा सुविधाहरुको व्यवस्था गरेको छ । आर्थिक विद्येयक, २०७७ बाट प्रदान गरिएका छुट तथा सुविधाहरुको विस्तृत विवरण आन्तरिक राजस्व विभागको वेभसाइट www.ird.gov.np मा उपलब्ध छ । यस सम्बन्धी थप जानकारीको लागि सम्बन्धित आन्तरिक राजस्व कार्यालय वा करदाता सेवा कार्यालयहरुमा सम्पर्क गरी आफूसँग सम्बन्धित छुट तथा सुविधाको अधिकतम उपयोग गरी कर सहभागिता वृद्धि गर्न सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## आर्थिक विधेयक, २०७७ ले गरेको छुट, सुविधा तथा विशेष व्यवस्थाहरुः

| | |
|---|---|
| दफा २० | **करको दायरामा आउनेलाई शुल्क तथा व्याज मिन्हा दिइनेः**<br>(१) कुनै पनि व्यक्तिले बिगतमा कर लाग्ने आय आर्जन गरेको तर त्यसरी आर्जित आयमा कर नबुझाएको भए त्यस्ता व्यक्तिले स्थायी लेखा नम्बर लिई आर्थिक वर्ष २०७४/७५ र २०७५/७६ को बुझाउनु पर्ने आय विवरण र सोमा लाग्ने कर सम्वत् २०७७ साल फागुन मसान्तसम्म बुझाएमा सो बापत लाग्ने शुल्क तथा ब्याज मिन्हा हुनेछ।<br>(२) उपदफा (१) बमोजिम आय विवरण र कर बुझाएमा सोभन्दा अघिका आर्थिक वर्षहरुको आय विवरण र सोमा लाग्ने कर, शुल्क तथा ब्याज बुझाउनु पर्ने छैन।<br>(३) उपदफा (१) बमोजिम आय विवरण सहित कर दाखिल नगर्ने व्यक्तिसँग आय आर्जन गरेको अवधिको आय विवरण दाखिल गर्न लगाई तिर्नु पर्ने कर, शुल्क तथा व्याज असुल गरिनेछ। |
| दफा २१ | **थप दस्तुर, शुल्क, ब्याज तथा जरिबाना मिन्हा हुनेः**<br>(१) स्थायी लेखा नम्बर लिई आय विवरण पेश नगर्ने वार्षिक पचास लाख रुपैयाँसम्मको कारोबार गर्ने प्राकृतिक व्यक्तिले आर्थिक वर्ष २०७३/७४, २०७४/७५ र २०७५/७६ को आय विवरण, सो आय विवरण अनुसारको आयकर र सोमा लाग्ने व्याजको पच्चीस प्रतिशतले हुने रकम सम्वत् २०७७ साल फागुन मसान्तसम्म बुझाएमा सोभन्दा अघिका वर्षहरुको आय विवरण पेश गर्नु पर्ने छैन र त्यस्तो आयमा लाग्ने कर, शुल्क तथा बाँकी ब्याज मिन्हा हुनेछ।<br>(२) स्थायी लेखा नम्बर लिई आर्थिक बर्ष २०७३/७४ वा सो भन्दा अघिको आय विवरण पेश नगर्ने वार्षिक पचास लाख रुपैयाँभन्दा बढीको कारोबार गर्ने प्राकृतिक व्यक्ति वा निकायले आय विवरण, सो आय विवरण अनुसारको आयकर र सोमा लाग्ने व्याजको पच्चीस प्रतिशतले हुने रकम सम्वत् २०७७ साल फागुन मसान्तसम्म बुझाएमा सोमा लाग्ने शुल्क तथा बाँकी ब्याज मिन्हा हुनेछ।<br>(३) सम्वत् २०७५ साल असार मसान्तसम्मको मूल्य अभिवृद्धि कर विवरण पेश नगर्ने मूल्य अभिवृद्धि करमा दर्ता भएका कुनै पनि करदाताले आफूले बुझाउनु पर्ने कर विवरण, सो कर विवरण अनुसारको मूल्य अभिवृद्धि कर र |

| | |
|---|---|
| | सोमा लाग्ने व्याजको पचास प्रतिशतले हुने रकम सम्वत् २०७७ साल फागुन मसान्तभित्र बुझाएमा सोमा लाग्ने जरिबाना, थप दस्तुर तथा बाँकी ब्याज मिन्हा हुनेछ।<br>(४) उपदफा (३) मा उल्लिखित अवधिभित्र मूल्य अभिवृद्धि कर विवरण पेश नगर्ने करदातामध्ये सम्वत् २०७३ साल असारसम्मको कर विवरण पेश नगर्ने करदाताको दर्ता स्वतः खारेज हुनेछ।<br>(५) उपदफा (४) बमोजिम दर्ता खारेज भएका करदाताले पेश गर्नुपर्ने कर विवरण ढिला पेश गरेको वा कर विवरण पेश नगरेको कारणले लाग्ने जरिबाना मिन्हा हुनेछ।<br>(६) उपदफा (५) बमोजिमको बक्यौता बाहेक अन्य कर बक्यौता रहेका करदाताको त्यस्तो बक्यौता रकमको अभिलेख कायम गरी असुल गरिनेछ। |
| दफा २२ | **खानेपानी तथा सरसफाई उपभोक्ता संस्थालाई लाग्ने कर, शुल्क तथा व्याज मिन्हा सम्बन्धी विशेष व्यवस्थाः**<br>(१) जलस्रोत ऐन, २०४९ बमोजिम दर्ता भएका खानेपानी तथा सरसफाई उपभोक्ता संस्थाको आर्थिक वर्ष २०७५/७६ सम्मको कारोबारमा आन्तरिक राजस्व कार्यालयबाट कर निर्धारण भई बक्यौता रहेको कर, शुल्क तथा ब्याज र आर्थिक वर्ष २०७६/७७ र सोभन्दा अघिका आय वर्षहरुमा संस्थाले आफ्नो उद्देश्य अनुरुप आर्जन गरेको आयमा आयकर ऐन, २०५८ बमोजिम लाग्ने करमध्ये तिर्न बाँकी कर, शुल्क तथा ब्याज मिन्हा हुनेछ। |
| दफा २३ | **बक्यौता कर मिन्हा सम्बन्धी विशेष व्यवस्थाः**<br>आयकर ऐन, २०३१ बमोजिम लगत कायम भई असुल हुन नसकेको आयकर बक्यौता र मूल्य अभिवृद्धि कर ऐन, २०५२ ले प्रतिस्थापन गरेका होटल कर, मनोरञ्जन कर, ठेक्का कर र बिक्रीकर ऐन बमोजिम सम्वत् २०६० साल असार मसान्तसम्म लगत कायम भई असुल हुन नसकेका बक्यौता करमध्ये प्रति लगत पचास हजार रुपैयाँसम्मको बक्यौता कर र सोमा लागेको ब्याज मिन्हा गरिएको छ। |
| दफा २४ | **शुल्क, थप दस्तुर तथा जरिबाना मिन्हा सम्बन्धी विशेष व्यवस्थाः**<br>आयकर ऐन, २०५८, मूल्य अभिवृद्धि कर ऐन, २०५२ र अन्तःशुल्क ऐन, २०५८ बमोजिम सम्वत् २०७५ साल असार मसान्तभित्र भएको कर निर्धारण |

| | |
|---|---|
| | वा अन्तःशुल्क निर्धारण (झुट्टा तथा नक्कली बीजक सम्बन्धमा भएको कर निर्धारण बाहेक) उपर चित्त नबुझाई आन्तरिक राजस्व विभाग समक्ष प्रशासकीय पुनरावलोकनको लागि निवेदन दिई विचाराधिन रहेका वा विभागको निर्णयमा चित्त नबुझाई राजस्व न्यायाधिकरण वा अदालतमा पुनरावेदनमा गई विचाराधिन रहेका मुद्दा सम्बन्धित करदाताले फिर्ता लिई त्यस्तो निर्धारणबाट कायम भएको आयकर, मूल्य अभिवृद्धि कर, अन्तःशुल्क बापतको कर रकम र सोमा लागेको ब्याज सम्वत् २०७७ साल फागुन मसान्तभित्र बुझाएमा सो मा लागेको शुल्क, थप दस्तुर तथा जरिबाना मिन्हा दिइनेछ । |
| **दफा २५** | **<u>कोभिड-१९ को संक्रमणबाट प्रभावित कारोबारमा कर छुट सहुलियत सम्बन्धी विशेष व्यवस्थाः</u>**<br>(१) वार्षिक बीस लाख रुपैयाँसम्मको कारोबार वा दुई लाखसम्म आय भई आयकर ऐन, २०५८ को दफा ४ को उपदफा (४) बमोजिम कर लाग्ने करदातालाई आय वर्ष २०७६/७७ मा लाग्ने करमा पचहत्तर प्रतिशत छुट हुनेछ।<br>(२) आयकर ऐन, २०५८ को दफा ४ को उपदफा (४क) बमोजिम कारोबारको आधारमा कर बुझाउने वार्षिक बीस लाख रुपैयाँदेखि पचास लाख रुपैयाँसम्मको कारोबार भएका करदातालाई आय वर्ष २०७६/७७ मा लाग्ने करमा पचास प्रतिशत छुट हुनेछ।<br>(३) वार्षिक एक करोड रुपैयाँसम्मको कारोबार भएका व्यक्तिलाई आय वर्ष २०७६/७७ मा आयकर ऐन, २०५८ बमोजिम लाग्ने करमा पच्चीस प्रतिशतले छुट हुनेछ।<br>(४) होटल, ट्राभल, ट्रेकिङ्ग, यातायात वा हवाई सेवाको वार्षिक एक करोड रुपैयाँभन्दा बढी कारोबार गर्ने व्यक्तिलाई आय वर्ष २०७६/७७ मा आयकर ऐन, २०५८ बमोजिम लाग्ने करमा बीस प्रतिशतले छुट हुनेछ। |
| **दफा २६** | **<u>नेपाल सरकार, प्रदेश वा स्थानीय तहले स्थापना गरेको कोरोना संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोषमा योगदान गरेको खर्च सम्बन्धी विशेष व्यवस्थाः</u>**<br>कुनै व्यक्तिले आर्थिक वर्ष २०७६/७७ मा नेपाल सरकार, प्रदेश वा स्थानीय तहले स्थापना गरेको कोरोना संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोषमा योगदान गरेको रकम उक्त वर्षको करयोग्य आय गणना गर्दा खर्च कट्टि गर्न |

| | |
|---|---|
| | पाउनेछ। |
| दफा २७ | <u>**स्थायी लेखा नम्बर नलिएका कामदारलाई वितरण गरेको ज्याला खर्च सम्बन्धी विशेष व्यवस्थाः**</u><br>आयकर ऐन, २०५८ को दफा २१ को उपदफा (१) को खण्ड (घ१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै व्यक्तिले आर्थिक वर्ष २०७६/७७ मा कुनै व्यवसाय वा लगानीबाट भएको आय गणना गर्ने प्रयोजनको लागि पटके प्रकृतिको तीन हजार रुपैयाँसम्मको ज्याला भुक्तानी गर्दा भुक्तानी प्राप्त गर्ने प्राकृतिक व्यक्तिले स्थायी लेखा नम्बर नलिएको भए तापनि त्यस्तो खर्च कट्टि गर्न पाउनेछ। |
| दफा २८ | <u>**स्थायी लेखा नम्बर उल्लेख नभएको बीजक वापतको खर्च सम्बन्धी विशेष व्यवस्थाः**</u><br>आयकर ऐन, २०५८ को दफा २१ को उपदफा (१) को खण्ड (घ२) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै व्यक्तिले आर्थिक वर्ष २०७६/७७ मा कुनै व्यवसाय वा लगानीबाट भएको आय गणना गर्ने प्रयोजनको लागि व्यावसायिक कारोबार नगर्ने प्राकृतिक व्यक्तिसँग सोझै गरिने कृषिजन्य, वनजन्य, पशुजन्य र अन्य घरायसी वस्तुको खरिद तथा स्थायी लेखा नम्बर उल्लेख नभएको दुई हजार रुपैयाँसम्मको बीजक बापतको खर्च कट्टी गर्न पाउनेछ। |
| दफा २९ | <u>**दम्पत्तिले योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा योगदान गरेको आय सम्बन्धी विशेष व्यवस्थाः**</u><br>आयकर ऐन, २०५८ को अनुसूची-१ को दफा १ को उपदफा (२) को खण्ड (ङ) मा जुनसुकै कुरा लेखिएको भए तापनि आर्थिक वर्ष २०७६/७७ मा ऐजन ऐनको दफा ५० बमोजिम छनौट गर्ने कुनै दम्पत्तिले योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा योगदान गरेकोमा त्यस्तो आयमा उपदफा (२) को खण्ड (क) बमोजिमको कर लाग्ने छैन। |
| दफा ३० | <u>**सामाजिक सुरक्षा कोषमा योगदान वापतको रकम हस्तान्तरण सम्बन्धी विशेष व्यवस्थाः**</u><br>योगदानमा आधारित सामाजिक सुरक्षा कोष ऐन, २०७४ बमोजिम स्थापना भएको सामाजिक सुरक्षा कोषमा सहभागी भएको वा हुन चाहने कुनै पनि योगदानकर्ताले स्वीकृत अवकाश कोषमा जम्मा गरेको रकम सम्वत् २०७७ साल चैत्र मसान्तभित्र सामाजिक सुरक्षा कोषमा हस्तान्तरण गरेमा त्यसरी |

| | |
|---|---|
| | हस्तान्तरण गरिएको रकममा आयकर ऐन, २०५८ को दफा ८८ बमोजिम अवकाश भुक्तानी बापत कर कट्टी गर्नु पर्ने छैन। |
| **दफा ३१** | **ह्रासयोग्य सम्पत्तिमा एकतिहाइले थप पाउने ह्रासकट्टी खर्च सम्बन्धी विशेष व्यवस्थाः**<br>आयकर ऐन, २०५८ को अनुसूची-२ को दफा ३ को उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि आर्थिक वर्ष २०७६/७७ मा कुनै निकाय वर्षभरि पूर्ण रुपले ऐनको दफा ११ मा उल्लिखित विशेष उद्योग सञ्चालनमा रहेको भएमा वा कुनै निकायले सडक, पुल, टनेल रोपवे, रेल्वे वा आकासे पुल निर्माण गरी सञ्चालन गरेको वा ट्राम वा ट्रलिबस सञ्चालन गरेको भएमा त्यस्ता निकायले सो आर्थिक वर्षमा सो अनुसूचीको दफा १ मा उल्लेख भएका वर्ग "क", "ख", "ग" र "घ" मा उल्लिखित ह्रासयोग्य सम्पत्तिका लागि लागू हुने ह्रासकट्टीको दरमा एकतिहाइले थप पाउनेछन्। |